# प्रश्न नं. १२

## त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

**(कक्षा रोल्नं.१३४२ देखि १४६३ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

अनिल श्रेष्ठको जाहेरीले नेपाल सरकार
बिरुद्ध

काभ्रेपलाञ्चोक जिल्ला, भुम्लु गाउँपालिका वडा नं. ८ वस्ने रामशरण महत समेत

मुद्दाः- ज्यान सम्वन्धी कसूर

१. ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. २ सानेपा स्थित गुर्सिगालमा मैले निर्माण गर्न लागेको नयाँ घरमा रहेको सामान रेखदेख गर्नको लागी २ महिना अगाडि देखि ३०।३५ वर्षको दिल वहादुर भन्नेलाई राखेकोमा मिति २०७५।८।१ गते राती कसले कर्तव्य गरी मारेर फरार रहेको हुँदा अपराधी पत्ता लगाई कानूनी बमोजिम कारवाही गरिपाउँ भन्ने व्यहोराको अनिल श्रेष्ठको जाहेरी दरखास्त ।

२. दुवै आँखा बन्द, मुख बन्द, दुवै कानमा आलो रगत लागेको, दायाँ कान मुनि एक इन्च गोलाइको चोट, बायाँ आँखा देखी बायाँ कानसम्म बाहिरी छाला पुरै काटिएको ४ इन्च लम्वाई र डेढ इन्च चौडाई चोट भएको सोही देखि माथि साडे दुई इन्च लम्वाई आधा इन्च चौडाईको बाहिरी छाला काटिएको घाउ बायाँ आँखा माथि १ इन्च लम्वाई आधा इन्च चौडाईको घाउ समेत भएको भन्ने समेत व्यहोराको लाश प्रकृति मुचुल्का ।

३. करिव ३ महिना अगाडि देखि जाहेरवालाको घर निर्माण गर्न लागेको ठाउँमा काम गरि आएको सोही घरमा २ महिना अघि देखि दिल वहादुर भन्ने सामान रेखदेख गरी राती सुत्ने गरी आएकोमा मिति २०७५।८।२ गते बिहान घरमा काम गर्न आउँदा निजको कोठा बन्द र ढोकाको तलको भाग आधा फुटालेको भित्र हेर्दा दिल वहादुर घाइते भएको शरिर भरि रगतै रगत देखि हेर्दा मृत अवस्थामा देखेको हुँ । मिति २०७५।८।१ गते बिहान १ जना मगोलियन जस्तो देखिनेले खाना खाएका थिए । निजलाई सोध्दा गाउँका मानिस भन्थे भन्ने समेत व्यहोराको सुन्दर वलामीले प्रहरीमा गरेको कागज ।

४. मेरो घर ठेक्का लिने कृष्ण श्रेष्ठले दिल वहादुर भन्नेलाई समानहरु रेखदेख गर्न, घर कुर्ने भनी ल्याई राखे अनुसार निज सोही ठाउँमा राखी सुत्ने गर्दै आई रहेकोमा मिति २०७५।८।१ गते राती नमालुमका मानिहरुले कर्तव्य गरी मारेको भन्ने भोलीपल्ट थाहा पाएको हुँ । उक्त घटना हुनुभन्दा पहिला बिहान आँखा माथि मासुको डल्ला भएको मानिस आएको थियो । निजलाई कर्तव्य गरी मार्नेहरु कहाँका हुन ? मलाई थाहा भएन भन्ने समेत व्यहोराको जोहरवाला अनिल श्रेष्ठले गरेको कागज ।

५. मैले अनिल श्रेष्ठको घर बनाउने ठेक्का लिई काम गरी राखेकोमा लेवरहरुले काम गरी आ-आफ्नो घर जाने भएकोले सो घरको सामाग्री रेखदेख गर्न नाम थर वतन खुल्न नआएको दिलवहादुर भन्ने व्यक्तिलाई राखेकोमा मिति २०७५।८।१ गते राती निजलाई कर्तव्य गरी मारेको भन्ने मैले भोलीपल्ट थाहा पाएको हुँ । शम्भु भन्ने भिम वहादुर महत कहिलेकाही निज दिलवहादुरलाई भेट्न आउँथे, निज भिमवहादुर महत उक्त घटनापछि मेरो घरमा काम गरी बस्ने भिम वहादुर महतसँग भेट गर्न आएको छैन भन्ने समेत व्यहोराको श्याम के.सी.ले प्रहरीमा गरेको कागज ।

६. मैले मिति २०७५।१।१७ देखि ललितपुर सानेपा स्थित श्याम के.सी. को घरमा काम गरी बस्दै आएकोमा मेरो गाउँका काकाको छोरा शम्भु भन्ने भिमवहादुर महत म आउनु भन्दा पहिले नै रंग लगाउन काम गरी वसेका थिए । निज काहाँ वस्दथे, मलाई थाहा भएन कहिलेकाही मलाई भेट गर्न आउँथे । दिलवहादुर भन्नेलाई कर्तव्य गरी मारेको भन्ने मैले मिति २०७५।८।१२ गते विहान थाहा पाएको हुँ । सो घटनापछि निज आएका छैनन । मैले श्याम के.सी. को घरमा काम गर्न थालेको ४।५ दिनपछि मेरो दाई यादव वहादुर महत भेट्न आएका थिए । त्यसपछि आएका छैनन भन्ने व्यहोराको भिमवहादुर महतले प्रहरीमा गरेको कागज ।

७. टाउकोको इन्जुरीको कारण मृत्यु भएको भन्ने समेत व्यहोराको पाटन अस्पतालबाट भै आएको शव परीक्षण प्रतिवेदन ।

८. मिति २०७५।८।१ गते साँझ ७ वजे शम्भु भन्ने भिमवहादुर महत, देवु महत र रामशरण महत समेत आई हामी चार जना होटलमा गई म वाहेकका ३ जनाले रक्सी खाएपछि निजहरुले मैले काम गर्ने गरेको घरमा रंग लगाउन साहुसँग कुरा गर्नुछ भने पछि सो घरमा जाँदा पाले काम गरी वस्ने व्यक्ति घर वाहरि आउँदै गरको अवस्थामा शम्भु भन्ने भिमवहादुर महतले एक्कासी मुक्का हानी देवुले पनि कुटपिट गर्न थालेपछि मैले छुट्याउन लाग्दा किन छुट्याइस भनी कुट्दै घरभित्र लगी तिनजना ढोकाभित्र पस्नासाथ ढोका लक भयो । भित्र कुटपिट हुन लाग्यो पछि ढोका नखुलेपछि

## प्रश्न नं. १२

निजहरुले ढोका भाँची निस्केपछि हामी ४ जनाले वागमती खोलामा आगो वाली रातभरि वस्यौ र विहानी भएपछि हामी मध्येका देवु महत र रामशरण महत यतै वसे, म र शम्भु भन्ने भिमवहादुर महत आ आफ्नो घरमा गयौं । मंसिर १७ गते देवु महतले तँ घरमा नवस प्रहरीले खोजी रहेको छ भनेपछि भोलिपल्ट काठमाडौं आई नातेदारसँग घटनाको वारेमा कुरा गर्दा त्यस्तो कुरा लुकाउनु हुदैन चौकीमा जानुपर्छ भनेकाले जावलाखेलतर्फ आउन लागेको अवस्थामा प्रहरीले पक्राउ गरी ल्याएको हो भन्ने समेत व्यहोराको प्रतिवादी यादव भन्ने खेमवहादुर महतले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

९. मेरो भाइ सुव्वा महत दाइ रामशरण महत र म काठमाडौं पुतलीसडक स्थित जापानीज टेक्चर अफिसमा काम गर्दै आइरहेकोमा मिति २०७५।८।१ गतेका दिन पनि सदा झै हामी ३ जना दाजु भाई काम गर्न गै काम सकि वेलुका आई खाना खाइ संगै सुतेको, २०७५ साल मंसिर १२, १३ गते तिर घरमा गई आएपछि घरबाट आएको ४।५ दिनपछि कोठामा वसेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो । उक्त घटना कसले गरे मलाई थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी देवु महतले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

१०. आजभन्दा करिव ३, ४ वर्ष अगाडि देखि मेरो दाजुभाई ३ जना काठमाडौ जिल्ला डिल्लीवजारमा डेरा गरी रंग लगाउने काम गर्दै आएको र करिव १ वर्षपछि काठमाडौं जिल्ला पुतलीसडकस्थित जापानिज टेक्चरमा काम गर्दै आइरहेकोमा मिति २०७५।८।१ गतेका दिन पनि विहान खाना खाई तिनै जना काम गर्न गई वेलुकी कोठामा आई सँगै सुतेको हौ । म र भाई सुव्वा मंसिर ७ गतेतिर घर गई २५ गते घरबाट आएको केही दिनपछि डेरा कोठाबाट पक्राउ गरी ल्याएको हो । उक्त घटना भएको ठाउँमा म गएको छैन । को कसले दिलवहादुर भन्ने व्यक्तिलाई के कसरी कर्तव्य गरी मारे मलाई थाहा छैन भन्ने समेत व्यहोराको प्रतिवादी रामशरण महतले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

११. मिति २०७५।८।१ गते राती मेरो नास्ता पसलमा खान आउने कुल्ली काम गर्ने लगायतका अन्य मानिसहरु धेरै थिएँ । अघिपछि पनि धेरै मानिसहरु आउने जाने गर्ने भएकोले आज आएका मानिसलाई भोलि आउँदा म चिन्दिन । मिति २०७५।८।१ गते राती दिलवहादुर भन्नेलाई कर्तव्य गरी मारेको भन्ने कुरा भोलिपल्टमात्र सुनि थाहा पाएको हुँ । निजलाई को कसले कर्तव्य गरी मारे मलाई थाहा भएन भन्ने समेत व्यहोराको लक्ष्मी महर्जनले प्रहरीमा गरेको कागज।

१२. मिति २०७५।८।१ गते राती जाहेरवालाको नयाँ घर निर्माण गर्न लागेको ठाउँमा पाले काम गर्ने दिलवहादुर भन्नेलाई प्रतिवादी यादव भन्ने खेमवहादुर महत समेतले धारिलो हतियार प्रहार गरी मारेको भन्ने सुनि थाहा पाएको हुँ । के कति कारण कस्तो हतियार प्रहार गरी मारे सो मलाई थाहा भएन भन्ने समेत व्यहोराको घटनास्थल आसपासका मानिसहरुको भनाई मुचुल्का रहेछ ।

१३. अनिल श्रेष्ठको जाहेरी दरखास्त, लाश प्रकृति विवरण, जगतमान समेतले गरेको कागज, मृतकको शव परीक्षण प्रतिवेदन, प्रतिवादी यादव भन्ने खेमवहादुर महतको साविती वयान, प्रतिवादी देवु महत र रामशरण महतको इन्कारी वयान वुझिएका लक्ष्मी महर्जनले गरी दिएको कागज समेतबाट प्रतिवादी यादव भन्ने खेमवहादुर महत शम्भु भन्ने भिमवहादुर महत, देवु महत र रामशरण महतले मृतक दिलवहादुरलाई कर्तव्य गरी मारेको देखिदा प्रतिवादीहरु उपर मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) विपरितको कसूर अपराध गरेको हुँदा सोही संहिताको दफा १७७(२) अनुसार निजहरुलाई जन्म कैदको सजाय गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग पत्र ।

१४. प्रतिवादीहरुले अदालतमा गरेको ईन्कारी वयान ।

१५. ललितपुर जिल्ला अदालतको फैसला ।

१६. उच्च अदालत पाटनमा परेको पुनरावेदन पत्र ।